http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ९, २०७२ चैत, Year 3, Issue 9, March 2016

## राजस्व संकलन १५ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ चैत मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा १५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ चैत महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ३४ अर्व ७१ करोड ४९ लाख ७८ हजार रहेकोमा रु. १ खर्व ३० अर्व

२०७२ चैत महिनासम्मको राजस्व संकलनको स्थिति — रु हजारमा

| शीर्षक | वार्षिक लक्ष्य | यस महिना सम्मको लक्ष्य | यस महिना सम्मको प्रगति | प्रगती प्रतिशतमा | वृद्धिदर | वार्षिक लक्ष्यको प्रगति |
|---|---|---|---|---|---|---|
| आयकर | ९७६७०९३७ | ६५१८२९७७ | ६४७०५२५८ | ९९ | ११४ | ६६ |
| वहालकर | ३२०९५८० | २४८७७६२ | २१९३२४४ | ८८ | १२० | ६८ |
| व्याजकर | ८१९४२२६ | ५९८३००८ | ५२११५८९ | ८७ | ११४ | ६४ |
| आयकर जम्मा | १०९०७४७४३ | ७३६५३७४७ | ७२११००९१ | ९८ | ११४ | ६६ |
| मू.अ.कर | ४८१८०१४२ | ३४७४२६२१ | ३४२८०१७९ | ९९ | १२० | ७१ |
| अन्त:शुल्क | ३५९४५७९२ | २५२१४२९४ | २३३६००९५ | ९३ | ११३ | ६५ |
| शिक्षा सेवा शुल्क | ६४६८४८ | ५१९१८० | ४५२९४५ | ८७ | ११६ | ७० |
| स्वास्थ्य सेवा शुल्क | ८२८७७४ | ५८५१३६ | ६०६९७३ | १०४ | ११७ | ७३ |
| जम्मा | १९४६७६२९९ | १३४७१४९७८ | १३०८१०२८३ | ९७ | ११५ | ६७ |

८१ करोड २ लाख ८३ हजार संकलन भई लक्ष्यको तुलनामा ९७ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ७२ अर्व ११ करोड ९१ हजार, मूल्य अभिवृद्धि कर रु. ३४ अर्व २८ करोड १ लाख ७९ हजार र अन्त:शुल्क तर्फ रु. २३ अर्व ३६ करोड ९५ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ

बाँकी १२ पेजमा....

# आन्तरिक राजस्व विभाग र सरकारी वकिलबीच अन्तर्क्रिया




महान्याधिवक्ता र सरकारी वकिलसंगको अन्तर्क्रिया कार्यक्रममा महानिर्देशक श्री चुडामणी शर्मा

काठमाडौं । आन्तरिक राजस्वसँग सम्बन्धित मुद्दाका विषयमा आन्तरिक राजस्व विभाग, महान्याधिवक्ताको कार्यालय तथा विशेष सरकारी वकिल कार्यालयबीचमा चैत १२ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले हाम्रो लक्ष्य राजस्व वृद्धि गर्ने र प्रतिरक्षाको हिसावले न्याय प्रणालीमा सुधार गर्ने रहेको जानकारी दिनुभयो । उहाँले समग्र कर प्रणालीमा सुधार गर्न सके समाजमा समान रुपमा श्रोतको वितरण हुने बताउनुभयो । महानिर्देशक शर्माले म होइन हामी भन्नुपर्‍यो भन्नुहुँदै गन्तव्य एउटै रहेको जानकारी दिनुभयो । कर अधिकृतले कर निर्धारण गर्नु नै ठूलो कुरा नहुने बताउनुहुँदै निर्धारण गरेको कर न्यायिक र मान्य सिद्धान्तका आधारमा, प्रमाणित पुष्टि गर्ने आधारमा, तथ्यमा आधारित रहेर गरे मात्र त्यो अन्तिम हुने उहाँको भनाइ थियो । सवै कुरा जित्नै पर्छ भन्ने होइन भन्नुहुँदै कानुन बाहेक एक पैसा पनि करदातालाई भार पार्न नहुने समेत भनाइ राख्नुभयो । कर अधिकृतहरुलाई करदाता भएर सोच्न समेत निर्देशन दिनुभयो । मुद्दा मामिलाको विषयमा कतिपय उपचार कानुनी, प्रशासनिक हुने बताउनुहुँदै महानिर्देशक श्री शर्माले जिम्मेवार पदाधिकारीले कानुनसम्मत ढंगले काम गर्छ भन्ने विभागको अपेक्षा रहेको बताउनुहुँदै यस्ता

बाँकी ४ पेजमा....

## यसभित्र

राजस्व सकलन उत्साह जनक छ
- शोभाकान्त पौडेल, प्रमुख कर प्रशासक ठूला करदाता कार्यालय
पृष्ठ ३

मूल्य अभिवृद्धि कर सम्बन्धी सामान्य ज्ञान
पृष्ठ ५

आयकर ऐन २०५८ का डेढ दशक
पृष्ठ ६



कर तिरौं, समृद्ध राष्ट्र निर्माणमा योगदान गरौं



# महानिर्देशकको सन्देश

**२०७२ सालमा कर प्रणालीको सुदृढीकरण एवं विकासमा केही उपलब्धि पनि हासिल भएका छन् । यसै वर्ष नेपाली जनताले आफ्नो संविधान आफैं बनाउने सात दशक अघि देखिको आकांक्षा पूरा भएको छ । यसै वर्ष देशको आर्थिक, सामाजिक विकासका लागि आधार प्रदान गरी कर प्रणालीको सुदृढीकरणका लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको प्रतिवेदन प्राप्त गरेका छौं । नेपालको कर प्रशासनलाई राजस्व उत्पादक, अन्तर्राष्ट्रिय रुपमा तुलनायोग्य बनाउन यस आयोगका सुझावहरु कोशेढुंगाका रुपमा रहेका छन् ।**

विभिन्न आरोह अवरोह बीच २०७२ साल हामीबाट बिदा भएको छ। यो वर्ष अर्थतन्त्रको विकासका दृष्टिले त्यति सुखद रहन सकेन। हामीले विनाशकारी भूकम्प र नाकाबन्दी जस्ता दुई गैर आर्थिक अवरोधको सामना गर्नु पर्‍यो । दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि ठूलो लगानी खर्चिनुपर्ने समयमा यस्ता अवरोधका कारण राजस्व संकलनमा समेत नकारात्मक असर पर्न गयो। सोका बाबजुद आर्थिक क्रियाकलापको बढोत्तरीमा सहजीकरण गरी उत्कृष्ट सेवा प्रवाह, कानूनको परिपालना, प्रभावकारी अनुगमन, करदाता शिक्षा जस्ता कार्यक्रमहरुको मार्फत्बाट आन्तरिक राजस्वको प्रभावकारी परिचालनमा आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरु लागि परिरहेका छन्। उक्त कार्यको प्रभाव चैत्र महिनाको राजस्व संकलनमा देखिएको छ। २०७२ फागुन सम्ममा लक्ष्यको तुलनामा राजस्व संकलन रु १० अर्ब १७ करोडको कमी रहेकोमा २०७२ चैत्र सम्ममा आइपुग्दा रु ३ अर्ब ९० करोड मात्र कमी हुन गएको छ। हालसम्म १३० अर्ब ८१ करोड संकलन हुन गै लक्ष्यको तुलनामा ९७ प्रगति हासिल हुन गएको छ। आर्थिक वर्ष समाप्त हुन अब तीन महिना मात्र बांकी रहेको परिप्रेक्ष्यमा लक्ष्य बमोजिम राजस्व संकलनका लागि विभाग रणनीतिकरुपमा अगाडि बढिरहेको छ । विभागको यस प्रयासमा सबैको सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

२०७२ सालमा कर प्रणालीको सुदृढीकरण एवं विकासमा केही उपलब्धि पनि हासिल भएका छन्। यसै वर्ष नेपाली जनताले आफ्नो संविधान आफैं बनाउने सात दशक अघि देखिको आकांक्षा पूरा भएको छ। यसै वर्ष देशको आर्थिक, सामाजिक विकासका लागि आधार प्रदान गरी कर प्रणालीको सुदृढीकरणका लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको प्रतिवेदन प्राप्त गरेका छौं । नेपालको कर प्रशासनलाई राजस्व उत्पादक, अन्तर्राष्ट्रिय रुपमा तुलनायोग्य बनाउन यस आयोगका सुझावहरु कोशेढुंगाका रुपमा रहेका छन्। उक्त सुझावहरुलाई नेपाल सरकारले अल्पकालिन, मध्यकालिन एवं दिर्घकालिन सुझावमा वर्गिकरण गरी क्रमश: कार्यान्वयन गर्दै जाने रणनीति बनाएकोछ । उक्त आयोगकै सिफारीस बमोजिम मूल्य अभिबृद्धि करको थ्रेसहोल्डलाई ५० लाख पुर्‍याइएको छ। कारोबारमा आधारित करको व्यवस्था लगायत करको संरचना एवं संचालन प्रक्रियालाई सरलिकृत गर्ने कार्यहरुले गति लिइसकेका छन्। लामो समयदेखि फछ्र्यौट हुन नसकेको कर सम्बन्धी विवादहरुको निरुपणका लागि गठन भएको कर फछ्र्यौट आयोगबाट रु ९ अर्ब ५५ करोड रकम कर फछ्र्यौट सम्झौता भई कर प्रशासनमा वक्यौता व्यवस्थापनमा ठूलो योगदान पुगेको छ।

हामी आगामी आर्थिक वर्ष २०७३/०७४ को बजेट निर्माणको क्रममा रहेका छौं । आगामी बजेटमा समावेश गरिनुपर्ने नीति तथा कार्यक्रममा सम्बन्धमा आन्तरिक राजस्वसंग सम्बन्धित विषयका लागि आन्तरिक राजस्व उपसमिति गठन भै उक्त समिति अन्तरगतका विभिन्न कार्यदलहरु यस कार्यमा संलग्न भै सहभागितामूलक ढंगले कार्यहरु गरिरहेका छन्। उक्त समिति र कार्यदललाई आफ्ना अमूल्य सुझावहरु उपलब्ध गराई सहयोग गरिदिनु हुन विभिन्न संघ, संस्था, बुद्धिजिवी, विज्ञ, राजनीतिक दल, राजनीतिक व्यक्तित्व, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी तथा आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, आगामी वर्षमा कर प्रशासनमा व्यावसायिकताको विकास गरी प्रभावकारी ढंगले आन्तरिक स्रोतको परिचालनद्वारा समृद्ध, समुन्नत र न्यायपूर्ण नेपाल निर्माणका लागि सबैले आआफ्नो स्थानबाट सक्दो योगदानमा पुर्‍याउन आवश्यक छ। अन्तमा मुलुकको समुन्नतिको लागि विवेकशील र जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गर्न हामी सबैमा ऊर्जा प्राप्त होस् भन्ने नयाँ वर्ष २०७३ को शुभकामना व्यक्त गर्दछु।

वैशाख, २०७३

**चुडामणि शर्मा**
महानिर्देशक

# राजस्व संकलन उत्साह जनक छ



**शोभाकान्त पौडेल**
**प्रमुख कर प्रशासक**
**ठूला करदाता कार्यालय**

**० त्यस कार्यालय अन्तर्गतका करदाताहरुको संरचना तथा प्रकृतिको वारेमा बताइदिनुहोस् न ?**

- ठूला करदाता कार्यालय कर प्रशासनको सबै भन्दा विशिष्ट प्रकृतिको निकाय हो । यसको कार्यक्षेत्र नेपालभर रहेको छ। ठूला करदाताको रुपमा करदातालाई वर्गीकरण गर्दा वार्षिक कारोबार, वर्षभरिमा तिर्नुपर्ने कर, करदाताको सम्पत्ति जस्ता कुराहरुलाई आधार लिने गरेको भएपनि मूलत: करदाताको वार्षिक कारोबारलाई नै आधार लिएको पाईन्छ। हालको अवस्थामा वीमा, बिकास बैंक, सहकारी, वित्तीय संस्था, इन्भेष्टमेन्ट कम्पनी, मेडिकल कलेज र ठेक्का व्यवसायको लागि रु.२५ करोड भन्दा बढी र अरु सबै कारोबारमा रु.४० करोड भन्दा बढी वार्षिक कारोबार गर्ने करदातालाई ठूला करदाताको रुपमा वर्गीकरण गरि कार्यक्षेत्र निर्धारण गरिएको छ।

यस कार्यालयको संगठन संरचना कार्यात्मक सूचकहरुमा आधारित बनाउँदै अधिकृतमूलक कार्यपद्धति अंगालिएको छ। कार्यालयले सम्पादन गर्ने कार्यहरुलाई प्रभावकारी बनाउन करदाता सेवा, कर संकलन, कर परीक्षण र अनुसन्धान शाखाको रुपमा शाखा विभाजन गरिएको छ । कर परीक्षण कार्यलाई अझै विशिष्टिकृत बनाउन कर परीक्षण शाखालाई कार्यगत आधारमा कृषि उद्योग, गैर कृषि उद्योग, सेवा संस्थान, बैंक, बहुराष्ट्रिय कम्पनी तथा व्यापार गरी जम्मा ६ वटा उपशाखामा विभाजन गरिएको छ।

**० आर्थिक वर्षको दोस्रो किस्ता भुक्तानी गर्ने समय भै सकेको सन्दर्भमा राजस्वको लक्ष्य र असुलीका वारेमा के सम्भावना देखिएको छ, बताइदिनुहोस् न ?**

- प्रत्येक करदाता लाई एस.एम.एस तथा टेलिफोन बाट दोस्रो किस्ता तिर्ने बारे जानकारी दिई ती करदाताबाट के कति राजस्व संकलन हुन सक्छ भन्ने जानकारी प्राप्त भएको। विगत आ.व.को राजस्व संकलन प्रवृत्ति तथा प्रथम किस्ता बाट प्राप्त राजस्व तथा विवरणको आधारमा अनुमान गर्दा हालसम्म लक्ष्य अनुरुप नै असुली हुने देखेको छ । साथै मु.अ. कर प्रभावकारी रुपमा असुल गर्न डेविट/क्रेडिट विवरणमा निगरानी राखी कार्य सम्पादन भै आएको छ। यसको पुष्टी चैत्र मसान्त सम्मको राजस्व संकलनको लक्ष्य प्राप्तीले पनि गर्नेछ। साथै आय विवरण र कर विवरण बुझाउने तर राजस्व दाखिला नगर्ने करदाताको विशेष अनुगमन गरिने छ ।

**० त्यस कार्यालय अन्तर्गत करदाता सेवा एवं Enforcement लाई प्रभावकारी बनाउन के कस्ता क्रियाकलाप संचालन भइरहेका छन् । सो वारेमा बताइदिनुहोस् ?**

- करदाता सेवालाई प्रभावकारी बनाउन नियमित रुपमा करदाताहरुलाई तिनका कार्यक्षेत्र तथा समस्याका आधारमा वर्गिकरण गरी अन्तरक्रिया, भेला, गोष्ठी तथा करदाता शिक्षा कार्यक्रम हुने गरेको छ । समय समयमा एस.एम.एस बाट राजस्व विवरण दाखिला, बक्यौता असूली, कर परीक्षण लगायतका महत्वपूर्ण सन्देश तथा सूचनाहरु संप्रेषण गर्ने गरिएको छ। करदाता मैत्री वातावरण बनाउनका लागि help desk तथा enquiry को राम्रो व्यवस्था गरिएको छ।

**० एउटा मात्र ठूला करदाता कार्यालय हुँदा देशभरका करदाताहरुको अनुगमन तथा पहुंचमा कसरी समेटेको छ ? जानकारी गराइदिनु हुन्छ कि ?**

- अधिकांश सेवाहरु online मार्फत हुने तथा mobile service को कारण अझै सहज भएको छ । अधिकांश ठूला करदाताको Corporate Office र Payment system राजधानी बाटै संचालन हुने गरेको पाएको छु । भुक्तानीमा ABBS system का कारण सहज नै छ। यस अलावा बेला बेला करदाता अनुगमनका लागि स्थलगत रुपमा कर अधिकृत खटाई समस्या समाधान तथा गुनासो व्यवस्थापन गर्ने गरेकाछौं। करदाताको कर सम्बन्धी व्यवसाय लागत ( Doing Business Cost) घटाउने, करदातालाई गुणस्तरीय सेवा प्रवाह गर्ने, करदाता शिक्षा प्रदान तथा राजस्व सम्बन्धी सूचना सम्प्रेषण गरी करदाता मैत्री वातावरण तयार गर्ने तर्फ दत्तचित्तका साथ लागेका छौं।

**० भूकम्पीय विपत्ति र अघोषित नाकावन्दी तथा तराई आन्दोलनको कारणले गर्दा राजस्व संकलनमा परेका नकारात्मक प्रभाव न्यून गर्न के गर्नुपर्ला ?**

- वर्तमानमा राजस्व संकलन उत्साहजनक नै छ। राजस्व संकलन लक्ष्य अनुसार असुल भएकोले यस सम्बन्धमा खासै केही गर्नु पर्ने देख्दिन । साथै करदाताहरुलाई आर्थिक ऐन अनुसार सेवा सुविधा तथा समय प्रदान भएको पाएको छु।

**० हाल यस कार्यालयमा रहेका बक्यौताको अवस्था र असुली सम्बन्धी कुनै रणनीति रहेको छ कि, प्रकाश पारिदिनुहोस् न ?**

- लक्ष्यहरु हरेक महिना हाँसिल हुने गरी शुरुदेखि नै आवश्यक रणनीति एवं कार्य योजना तयार गरी करदाताको segregation गरी कार्य संपादन गर्ने व्यवस्था मिलाएको छु। साथै विभागका महानिर्देशकज्यू समक्ष गरेको कार्यसम्पादन सम्झौतालाई आधार मानी बक्यौता तिव्रताका साथ असुल गरेकाछौं ।

**० हाल ठूला करदाता कार्यालय अन्तर्गतका करदाताको थ्रेसहोल्ड बढाउने कुरा यदाकदा सुन्नमा आएको छ ? यस विषयमा यहाँको के विचार रहेको छ ? थ्रेसहोल्ड बढाउनु कत्तिको उपयुक्त ठान्नु हुन्छ ?**

- Risk Indicator, मुद्रा स्फिति तथा करदाताको कारोबार किसिमका अधारमा यस कार्यालय अन्तर्गतका करदाताको थ्रेसहोल्ड बढाउनु पर्ने देखेको छु। उदाहरणको लागी मट्टीतेल, सिमकार्डको जतिसुकै कारोबार भए पनि ठूला करदाताको कारोबार क्षेत्र बाहिर राख्नु पर्ने देख्छु।

**० अन्तमा कर बुलेटिन मार्फत् के भन्नु हुन्छ ?**

- कर बुलेटिनले कर प्रशासनको भुमिका, काम, गतिविधि करदातासम्म पुऱ्याउन ठूलो मद्दत गर्दछ । यस बुलेटिन मार्फत ठूला करदाता कार्यलयका गतिविधि पस्कन पाएकोमा खुशी व्यक्त गर्दछु।

## १ पेजको बांकी....

अन्तर्क्रिया/प्रशिक्षण कार्यक्रमहरुले चिन्ने चिनाउने कार्यका लागि भूमिका खेल्ने हुँदा नियमित रुपमा समीक्षा गर्दै अगाडि बढाउन जरुरी रहेको बताउनुभयो। कार्यक्रम समन्वयात्मक ढंगले सहभागीहरुका बीचमा सार्थक रुपमा सम्पन्न भएको बताउनुहुँदै महान्याधिवक्ताको कार्यालय तथा विशेष सरकारी वकिल कार्यालयसँग भएको अन्तर्क्रियाबाट जुन खालको मार्ग दर्शन प्राप्त भएको छ त्यसलाई पूरा गर्ने बताउनुभयो। कमी कमजोरीलाई सुधार्ने बताउनुहुँदै जे कुरा सिक्ने अवसर पाइएको छ त्यसलाई व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै मार्गदर्शनका लागि हार्दिक आभार समेत व्यक्त गर्नुभयो।

प्रमुख अतिथि नायव महान्याधिवक्ता श्री बद्रीप्रसाद गौतमले कुनै करदाताले फैसलाको फोटोकपी ल्याएको खण्डमा शंका लागेमा त्यसको यकिन भएमा मात्र कार्यान्वयन गर्न निर्देशन दिनुभयो। श्री गौतमले कर निर्धारण गर्दा अनुसन्धान अपुरो हुने गरेको बताउनुहुँदै त्रुटि गर्नु अघि नै ध्यान दिन आग्रह गर्नुभयो। अलिकति पनि दोधार भए आवश्यक सल्लाह दिन महान्याधिवक्ताको कार्यालय, विशेष सरकारी वकिल कार्यालय र विभागमा रहेका सरकारी वकिलहरु २४ सै घण्टा समस्या समाधानका लागि तयार रहेको जानकारी दिनुभयो। कानुनी व्यवस्था के छ अध्ययन गर्दै एक्सनमा गएर कार्य गर्नु पर्ने उहाँको भनाइ थियो। हामी सवै लाग्यौं भने राजस्वमा वृद्धि भई देशमा सवैको सेवा सुविधा वृद्धि हुने उहाँको भनाइ थियो।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले आन्तरिक राजस्व विभागसँग सम्बन्धित कर कानुनका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उहाँले संशोधित कर निर्धारणको विद्यमान कानूनी व्यवस्था र प्रशासकीय पुनरावलोकनको व्यवस्था तथा प्रकृया वारेमा प्रष्ट पार्नु भएको थियो। उहाँले पुनरावेदन सम्बन्धी व्यवस्थामा महानिर्देशकको निर्णय विरुद्ध राजस्व न्यायाधिकरणमा निवेदन दिन सक्ने तथा राजस्व न्यायाधिकरणको निर्णय विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदनको अनुमति माग गरी निवेदन दिन सक्ने बताउनुहुँदै न्यायाधिकरणमा निवेदन पेश गर्दा ५० प्रतिशत धरौटी राख्नुपर्ने बताउनुभयो।

श्री दुवाडीले संशोधित कर निर्धारण सम्बन्धमा अनुभूत कमजोरीहरुमा कर निर्धारणका आधार र कारणमा एकरुपतामा कमी, निर्णय पर्चामा करदाताको जिकिरलाई





कानुनसम्मत तथा वस्तुगत रुपमा खण्डन गरिने अभ्यासको कमी, आयमा समावेश गर्दा तथा खर्च दावी अमान्य गर्दा फितलो र आत्मनिष्ठ कारण देखाइने भन्ने गुनासो रहेको बताउनुभयो। त्यसैगरी मिसिलसाथ अभियोजनलाई पुष्टि गर्ने कागजात प्रमाणको कमी, आंशिक रुपमा खर्च अमान्य गर्दा स्पष्ट आधार उल्लेख नगरिएको, कर निर्धारण गर्ने विषयमा सहि रुपमा अभियोजन नगरिएको, विवेक र न्यायिक मनको प्रयोगमा कमी रहेको समेत बताउनुभयो।

न्यायाधिकरण तथा न्यायालयबाट औंल्याइएका कमी कमजोरीहरुबारे प्रष्ट पार्नुहुँदै कार्यविधिगत त्रुटी हुने गरेको, प्रमाणको उचित विश्लेषण र मूल्यांकन नगरिएको, आत्मनिष्ठ रुपमा निर्णय गरिएको, सुनुवाइका लागि उचित र पर्याप्त मौका नदिएको, कानुनको दफा उचित रुपमा प्रयोग नगरिएको उल्लेख गर्नु भएको थियो।

महान्यायाधिवक्ता/सरकारी वकिल कार्यालयसंगको अपेक्षामा राजस्व जोखिम रहेका मुद्दाहरुमा विज्ञ समूहबाट प्रतिरक्षा, आन्तरिक राजस्व विभागसंग आवश्यक विषयमा समन्वय, आन्तरिक राजस्व विभागका कमी कमजोरीहरु सुधारका लागी पृष्ठपोषण, कानुनी मस्यौदा तथा कार्यविधिगत विषयमा पुनर्ताजगी कार्यक्रम हुनुपर्ने उहाँको भनाइ थियो।

उहाँले करप्रणालीका चुनौतिहरुमा विल लिने दिने कार्यलाई अनिवार्य गर्नुपर्ने, कारोवार र आयको सही घोषणा गराउने, करपरिक्षण (ब्रामष्त) लाई परिणाममुखी र वस्तुपरक बनाउने, क्रेडिट विवरण, शून्य विवरणको अनुपात घटाउनुपर्ने, करदाता शिक्षामा जोड दिई स्वेच्छिक कर सहभागिता वृद्धि गर्ने, दण्ड सजायको व्यवस्थालाई प्रभावकारी बनाउने, सूचना प्रविधिको प्रयोगबाट कर प्रशासनलाई स्वचालित बनाउन, मू.अ.करलाई कर प्रणालीको मेरुदण्डको रुपमा विकास गर्ने र करको दायरा विस्तार गर्ने तथा दर नबढाउने चुनौतिहरु कर प्रशासनसँग रहेको जानकारी दिनुभयो।

उपन्यायधिवक्ता हरिशंकर ज्ञवालीले म्यादको गणनाका सम्वन्धमा प्रकाश पार्नु भएको थियो। उहाँले धरौटी समायोजनका सम्बन्धमा प्रकाश पार्नुहुँदै जुन प्रयोजनका लागि राखिएको हो त्यो विषयको अन्तिम निर्णय नभएसम्म समायोजन गर्न नमिल्ने बताउनुभयो। अदालती प्रकृयामा जाँदा सरोकारवाला व्यक्ति, प्रतिनिधि भएको प्रमाणित हुनुपर्ने उहाँको भनाइ थियो। अन्तिम निर्णय नेपाली कागजमा नै गर्न आग्रह गर्नुहुँदै कुनै करदाता नभेटिएको र पत्र बुझाउन नसकिएको खण्डमा सार्वजनिक पत्रपत्रिकामा सूचना प्रकाशित गरे अदालतले प्रमाण मान्ने उहाँको भनाइ थियो।

विशेष सरकारी वकील कार्यालयका सहन्याधिवक्ता डा. टेकबहादुर घिमिरेले कर राजश्व सम्बन्धि मुद्दाहरुको बहस पैरवी र प्रतिरक्षा कार्यको समन्वयमा प्रभावकारिताका विषयमा प्रकाश पार्नु भएको थियो। सरकारी मुद्दा सम्बन्धि ऐन, २०४९ को अनुसूची भित्र परेका र अनुसुची भित्र समावेश नभएका तथा नेपाल सरकारका सरोकारसम्म नीहित रहेका मुद्दाहरुमा सरकारी वकील कार्यालयको जिम्मेवारी र भूमिकामा फरक सम्बन्धमा प्रकाश पार्नु भएको थियो। उहाँले सरकारी वकील पेशाको व्यावसायिकरण र पदको विशिष्टिकरणका लागि सरोकारवालाको भूमिकामा पर्याप्त साधन र स्रोतको वितरण तथा उत्पादन

मूलक उपयोग व्यवस्थापनमा समन्वय नहुनु कर कानून र कर प्रशासन सम्बन्धि प्रकृयागत विषयमा प्राज्ञिक विशेषज्ञता बढाउनु पर्ने र कर कानून र कर प्रशासन सम्बन्धि प्रकृयागत विषयमा व्यावसायिक अनुभव बढाउनुपर्ने उहाँको भनाइ थियो ।

सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा र उपन्याधिवक्ता श्री हरिशंकर ज्ञवालीले राजस्वसँग सम्बन्धित मुद्दाहरुको प्रतिरक्षामा देखिएका समस्याका सम्बन्धमा संयुक्त रुपमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँहरुले प्रतिरक्षमा देखिएका समस्याहरुमा समयमै कर निर्धारण गर्ने नगरिएको बताउनुहुँदै म्याद सूचना समयमै तामेल नगरी रित नपुग्ने बताउनुभयो । त्यसैगरी तथ्यको विश्लेषण गर्ने नगरिएको बताउनुहुँदै कानुनको व्यवस्था उल्लेख गर्ने नगरिएको तथा आधार र कारण समेत खुलाउने नगरिएको बताउनुभयो । एउटै विषयमा फरक फरक निर्णय हुने गरेको बताउनुहुँदै मिसिल संलग्न कागजात सिलसिलावद्ध नहुने, अस्पष्ट र अपर्याप्त हुने जानकारी दिनुभयो ।

विपक्षी बनाइएका निकायहरुबाट तयार गरिने लिखित जवाफमा सामन्जस्यता नहुने, विषयवस्तुको तर्कपूर्ण खण्डन र जिकिर नहुने तथा निर्णयको वैद्यता पुष्टि हुने आधार तथा कारण उल्लेख नहुने र हदम्याद अन्तिम भएपछि मात्र पठाउने गरिएको बताउनुभयो । लिखित जवाफ तथा निवेदन प्रस्तुत गर्नु अगाडि छलफल तथा परामर्श सम्बन्धित विषयको तालिम प्रशिक्षण कार्यक्रममा सरकारी वकिलहरुको सहभागिता, नियमित अन्तर्क्रिया तथा छलफल, प्रतिरक्षामा रहेका मुद्दाहरुको सम्बन्धमा सम्बन्धित निकायको नियमित जानकारी लिने तथा सम्बन्धित निकायहरुमा सम्पर्क अधिकृतको व्यवस्था गर्नुपर्ने महान्याधिवक्ता कार्यालयको अपेक्षा रहेको उहाँहरुले बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २ र ३ का प्रमुख कर अधिकृत लगायतका काठमाडौंस्थित सवै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृतहरुले अदालती प्रकृयामा भएका समस्याको वारेमा जिज्ञासा राख्नु भएको थियो । उहाँहरुले राख्नु भएको जिज्ञासाको महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरुले क्रमशः जवाफ दिनु भएको थियो ।

## मूल्य अभिवृद्धि कर सम्बन्धी सामान्य ज्ञान

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले केही करलाई प्रतिष्थापन गरेको छ, अव भन्नुहोस कति प्रकारका करलाई प्रतिस्थापन गरेको थियो ? - ४ प्रकार

२. नेपालमा मूल्य अभिवृद्धि कर कहिलेदेखि लागू भयो साल, महिना गते समेत भन्नुहोस ? - वि.सं.२०५४ मंसिर १ गते

३. मू.अ.करको दर शुरुमा १० थियो अब भन्नुहोस हाल लागू भएको १३ प्रतिशतको दर कहिलेदेखि लागू भएको हो ? - वि.सं.२०६२ साल माघ १ गते

४. मू.अ.करमा दर्ता भएका मासिक विवरण बुझाउने करदाताले खरीदविक्रि खाता कहिलेसम्म प्रमाणित गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ? - श्रावण २५ गते भित्र (आ.व.समाप्त भएको मितिले २५ दिनभित्र)

५. संक्षिप्त कर विजक जारी गर्नको लागि करदाताले कति रकमसम्मको बिल जारी गर्न पाउछ ? - करसहित रु.५ हजार सम्म

७. करपाटी तोकिएको ठाउंमा नराखेको खण्डमा कति जरिवाना हुने व्यवस्था रहेको छ ? - पटकैपिच्छे २ हजार रुपैंया

८. मू.अ.कर लाग्ने वस्तु वा सेवाको कारोवार गर्ने तर थ्रेसहोल्डभन्दा कमको कारोवार गर्ने करदाताले कस्तो करपाटी राख्नुपर्दछ ? - पहेलो पृष्ठभूमिमा कालो अक्षर

९. मू.अ.कर ऐनमा कर छलेको सूचना दिनेलाई पुरस्कार दिने ब्यबस्था छ, अब भन्नुहोस उक्त सुराकी पाउने पुरस्कारको हिस्सा कति छ ? - कर रकमको २० प्रतिशत वरावर

१०. मू.अ.कर ऐनमा Reverse charge सम्वन्धि व्यवस्था रहेको छ, अब भन्नुहोस् उक्त व्यवस्था कति दफामा रहेको छ ? - दफा ८.२ मा

११. मू.अ.कर तर्फ वस्तु विक्री गरी असुल गर्ने करदाताले कुन राजस्व शिर्षकमा रकम दाखिला गर्नुपर्दछ ? - १.१.२.१३ मा

१२. मू.अ.कर निर्धारण आदेश जारी गरेपछि कति दिनभित्र उक्त आदेश वमोजिमको कर दाखिला गर्नुपर्ने व्यवस्था छ ? - ७ दिनभित्र

१३. आंशिक करकट्टि गर्नुपर्ने व्यवस्था अनुसार मोटरसाइकल खरीदमा तिरेको मू.अ.कर कति प्रतिशत मात्र कर कट्टि गर्न पाउने व्यवस्था रहेको छ ? - शतप्रतिशत

१४. खरीदमा तिरेको मू.अ.कर कर कट्टि दावीयोग्य हुन अधिकतम कति अवधिसम्म दावी गरीसक्नुपर्ने कानुनी व्यवस्था रहेको छ ? - खरीद गरेको मितिले १ वर्षभित्र

१५. मू.अ.कर ऐनमा negative list भन्नाले कुन भागलाई वुझ्न सकिन्छ ? - अनुसुचि १

१६. मू.अ.कर ऐन बमोजिम करदाताले करपाटी राख्ने व्यवस्था कहिलेदेखि कार्यान्वयनमा आएको हो, साल महिना र गते भन्नुहोस ? - वि.सं.२०६२ अश्विन १४ गते

१८. मू.अ.कर ऐनमा मासिक रुपमा मू.अ.कर लेखा राख्नुपर्ने व्यवस्था छ, उक्त व्यवस्थाको ढाँचा कुन अनुसूचिमा छ ? - अनुसूचि ७ मा

१९. कर छुट हुने बस्तुहरुलाई विभिन्न समूहमा विभाजन गरिएको छ, अब भन्नुहोस् उक्त वस्तुहरु कति समूहमा वर्गिकरण गरिएको छ ? —१३ समूहमा

२०. मू.अ.कर ऐन नियम वमोजिम राखिएका अभिलेखहरु कति वर्षसम्म सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ ? - ६ वर्षसम्म

२१. मू.अ.कर कारोवार गर्ने करदाताले कारोवार वन्द गर्ने अवस्थामा भर्ने कर विवरणको ढांचा कुन अनुसूचिमा व्यवस्थित छ ? - अनुसुचि ११

२२. मु.अ.कर ऐन नियम बमोजिम थप दस्तुर लगाउने प्रावधान छ, अब भन्नुहोस् उक्त प्रावधान कुन दफामा व्यवस्था गरिएको छ ? - दफा १९ मा

२३. अटोमोवाइल्स खरीद मूल्यमा आंशिक कर कट्टी हुने व्यवस्था छ, अव भन्नुहोस् कति प्रतिशत कर कट्टि गर्न नपाउने कानुनी व्यवस्था रहेको छ ? - ६० प्रतिशत

२४. नोक्सानी भएको वस्तुमा तिरेको करकट्टि गर्नुपरेमा वा कमी मूल्यमा विक्री गर्नुपरेमा कति दिनभित्र आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ ? - ३० दिनभित्र

# आयकर ऐन, २०५८ का डेढ दशक



प्रकाश शर्मा ढकाल
शाखा अधिकृत
आन्तरिक राजस्व विभाग

२०५८ चैत्र १९ का दिन मुलुकको आर्थिक विकासको लागि राजस्व संकलन गर्ने प्रकृयालाई प्रभावकारी वनाई राजस्व परिचालनलाई अभिबृद्धि गर्न आयकर सम्वन्धी कानूनलाई एकिकरण गरी समयानुकूल वनाउन भन्दै स्वयं कर प्रणालीमा आधारित नयां आयकर ऐन, २०५८ जारी भएको थियो। यसै चैत्र महिनामा उक्त ऐन जारी भएको १४ वर्ष पूरा भै १५ वर्षमा प्रवेश गरेको छ। यो ऐन नेपालमा आधुनिक आयकर प्रणालीको शुरुवात गर्न लागू भएको हो। प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइन्सटाइन भन्छन "संसारमा बुझ्न सबैभन्दा कठिन कुरा भनेको आयकर हो"। आलोचकहरु यो भनाई नेपालको आयकर कानूनमा पनि लागू हुन्छ भन्छन्। यो ऐन अन्तराष्ट्रिय मुद्रा कोषले कमनवेल्थ राज्यहरुको कर अवधारणामा तयार गरेको नमूना आयकर ऐन बमोजिम छ। कतिपय दफाहरु त भाषा अनुवादमा फरक पारिएका भाव वाहेक हुबहु नै सोही नमूनामा आधारित दफा छन्। यसरी नमूनाका आधारमा कानून तयार गरेकोले अधिकांश अत्याधुनिक कर अवधारणाहरु कानूनमा समावेश छन्। (हे. सिए. भवनाथ दाहाल, आयकर मूल्य अभिबृद्धि कर)

हुन त यो ऐन आउनु पूर्वको आयकर ऐन, २०३१ को २०५० असारमा भएको आठौं संशोधन पश्चात उदार अर्थनीतिको प्रभाव स्वरुप स्वयं कर निर्धारण प्रणाली, करको दायरामा क्रमश: विस्तार, करका दरहरुमा कटौती, क्षितीजीय समानतामा जोड, करका छुटहरुमा कटौती जस्ता पक्षमा सुधार हुंदै आएको पाइन्छ। आयकर ऐन, २०३१ कर कानूनको अविशिष्टताको आधारमा स्तरीय थिएन। तत्कालीन अवस्थामा कुनै व्यक्तिको कर निर्धारण गर्नका लागि आयकर ऐनको अतिरिक्त सम्बन्धित आय वर्षको आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, वोनस ऐन लगायत दर्जनौ ऐनहरु एवं ती ऐन अन्तर्गत बनेका नियमावलीमा भएका कर सम्बन्धि प्रावधानलाई समेत आधार मान्नु पर्ने अवस्था थियो। कर छुट दिने सम्बन्धि व्यवस्था विभिन्न ऐनहरुमा रहेकोले प्रभावकारी कार्यान्वयनमा समेत कठिनाई थियो।

आयकर ऐन, २०५८ आयकर सम्वन्धी सवै व्यवस्थाको प्राधिकार यसै ऐनबाट निर्देशित हुने गरी कानूनी सर्वोच्चता दिएको छ। प्राकृतिक व्यक्ति र निकायका सवै प्रकारका आय आर्जनका श्रोतहरु तथा कारोबारलाई करको दायरामा समेटिएका छन् भने राज्यले आयकर छुट उपलब्ध गराउनु पर्ने भएमा निश्चित तथा तोकिएको कानूनमा संशोधन गरी दिन सक्ने गरी मार्गप्रशस्त समेत गरेको छ। आय आर्जनको सिलसिलामा भएका सवै खर्चहरुलाई सामान्य कट्टी तथा विशेष कट्टीका व्यवस्थाहरुबाट कानूनी सुनिश्चितता दिइनुको साथै रोजगारी, व्यवसाय तथा लगानीको आय गणनाका स्पष्ट आधारहरु निर्धारण गरिएको छ। आय तथा खर्चको लेखाङ्कन गर्ने आधार एवं मार्ग निर्देशनहरु निर्धारित गर्दै नेपालको कर प्रणालीलाई अन्तराष्ट्रिय कर प्रणालीसँग आवद्ध गर्ने आधारको निर्माण गरेको छ। परम्परागत रुपमा आय तथा सम्पत्तिको परिभाषाहरुमा रहेका अस्पष्टताहरुलाई कानूनी रुपमा सुस्पष्ट पारिएको छ। आयकर प्रणालीमा आय आर्जन कर्तालाई स्पष्ट रुपमा उत्तरदायी बनाउदै कर प्रशासनका स्वविवेकीय अधिकारको अन्त्य गरी कानूनी शासनमा आधारित कर प्रणालीको विकासमा जोड दिएको छ। कर योजना एवं छलीलाई देवानी र फौजदारी कसूरको बीच स्पष्ट विभेद गरी सरकारी वकिल मार्फत मुद्दा चलाउने आधारहरु तोकिएका छन्।

कानूनहरु समसामयिक रुपमा परिमार्जन र परिस्कृत गर्दै जानु पर्दछ भन्ने एउटा मत र करसंग सम्वन्धित कानूनहरु वारम्वार परिवर्तन/संशोधन गर्नु हुंदैन यदि यसो भएमा यसले अन्यौलता सिर्जना गर्दछ र व्यवसायिक/लगानीमैत्री वातावरणको लागि स्थायित्वको ग्यारेन्टी गर्न सक्दैन भनिन्छ। हाम्रो आयकर ऐन, २०५८ अहिलेसम्म आइपुग्दा विभिन्न १७ आर्थिक ऐन तथा अध्यादेश मार्फत संशोधन भै सकेको छ भने आयकर नियमावली ५ पटक। यी संशोधनहरु खास गरी परिभाषा, आयका शिर्षक, करदाताका कर्तव्य तथा अधिकार, कर प्रशासनका अधिकार, करका दर, छुट तथा सुविधाहरु लगायतका अन्य विभिन्न प्रकृयासंग सम्वन्धित देखिन्छन्।

परिभाषा अन्तर्गत कारोवार, गैर व्यवसायिक करयोग्य सम्पत्ति, छुट पाउने संस्था, प्राकृतिक स्रोत वापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी, विद्युतीय माध्यम, सामान्य व्याज आदिको परिभाषा थप/संशोधन गरिएको छ। ऐनमा २०६६ मा भएको संशोधनले आयका शिर्षकहरुमा व्यवसाय, रोजगारी र लगानीका अतिरिक्त आकस्मिक लाभलाई समेत समावेश गरी आयका शिर्षक फराकिलो वनाएको छ।

विभिन्न सुविधाहरु मार्फत् आन्तरिक तथा वाह्य लगानी प्रवर्द्धन गर्ने राष्ट्रिय नीतिलाई यस ऐनले आत्मसाथ गर्दै आएको छ। यसका लागि विभिन्न व्यावसायिक छुट तथा सुविधाहरु प्रदान गर्ने क्रम बढ्दै गएको छ। ऐनले विशेष उद्योग, सूचना प्रविधि उद्योग, रोजगारीमूलक उद्योगलाई लाग्ने करको दरमा छुट दिइएको छ। उद्योग, व्यापार व्यवसाय सुविधा सम्पन्न शहर केन्द्रित हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी अतिअविकसित, अविकसित, अल्पविकसित क्षेत्रमा उद्योग संचालन भएमा १० आय वर्षहरुको लागि तोकएको करको १०, २० र ३० प्रतिशत मात्र कर लाग्ने व्यवस्था आर्थिक ऐन, २०६६ पश्चात् गरिएको छ। पूजी बृद्धिलाई प्रोत्साहित गर्न विशेष उद्योगलाई कर छुट दिनुका साथै विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई करमा छुट, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण तथा उत्खनन् कारोवार गर्नेलाई सात आय वर्षसम्म पूरै आयकर छुट दिइनुका साथै जलविद्युत्को उत्पादन, प्रशारण वा वितरण गर्नेलाई १० वर्ष सम्म पूरै आयकर छुट, निर्यातका आधारमा विभिन्न छुट ऐनमै स्पष्ट उल्लेख गरी लगानी आकर्षित गर्ने दिशामा

महत्वपूर्ण भूमिका ऐनले निर्वाह गरेको छ। साविकमा व्यवसाय वा लगानीबाट भएको नोक्सानी कट्टा गर्न पाउने अवधि ४ वर्ष मात्र रहेकोमा ७ वर्ष पुऱ्याइएको छ। वैंक तथा वित्तीय संस्था मर्ज गरी वित्तीय स्थिरता कायम गर्ने नीतिलाई आयकर ऐनले प्रोत्साहित गरेको छ । स्वामित्व परिवर्तनको गणना प्रयोजनको लागि समावेश गरिने स्वामित्व, बैदेशिक कर मिलान अन्तर्गत नेपालको करको औषत दरको वारेमा दफा ५७ (१क) ले स्पष्ट गरेको छ।

ऐनले विभागलाई दिएको जिम्मेवारी पूरा गर्ने क्रममा अर्थात करदातालाई नजिकबाट सेवा सुविधा प्रवाह गर्न, करदाताको प्रकृति अनुसार अलग अलग कार्यालयबाट सेवा प्रदान गर्न ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय, करदाता सेवा कार्यालयको स्थापना गर्न तथा कार्यक्षेत्र तोक्न सक्ने गरी नेपाल सरकारलाई अधिकार दिएको छ।

२०५८ को शुरु ऐनको दफा ७४ मा करदाताले ऐन बमोजिम पूरा गर्नु पर्ने कर्तव्य पूरा नगरी अधिकारको उपभोग गर्न नपाउने व्यवस्था रहेको थियो। जुन व्यवस्था आफैमा अव्यवहारिक र जटिल पनि थियो। लगत्तैको संशोधनले करदाताको अधिकार तथा कर्तव्यलाई अलग अलग स्वतन्त्र व्यवस्थाको रुपमा लिंदै संशोधन गरेको छ।

कारोवार गर्ने व्यक्तिले स्थायी लेखा नं. लिई कारोवार गर्नु पर्ने व्यवस्था गर्दै ऐनले त्यसरी लेखा नं नलिएको कारणबाट करको दायित्वबाट फुर्सद नपाउने व्यवस्था २०६२ मा थप गर्दै ऐनले जुनसुकै अवस्थामा पनि करको दायित्वबाट उन्मुक्ति नपाइने व्यवस्था गऱ्यो।

शुरुमा करदाताले कारोवार सम्वन्धी विभिन्न कागजातहरु कम्तिमा पनि ५ वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था थियो। यसले करदाताहरुले कारोवारको लेखा अनिश्चित कालसम्म राख्नु पर्ने जस्तो द्विविधा उत्पन्न भएकोले आय वर्ष समाप्त भएको मितिले ५ वर्ष सम्म सुरक्षित राख्नु पर्ने भनी सीमा कायम गरिदिएको छ।

ऐनले अग्रिम करकट्टीका शिर्षक तथा कटटी गर्नु पर्ने दरहरुको स्पष्टिकरण खण्ड सहित थप प्रष्ट पार्दै आएको छ। अग्रिम कर कट्टी रकम तथा विवरणहरु दाखिला गर्ने समय अन्य करका विवरणहरुसंग तादाम्यता हुने गरी २५ गते कायम गरेर करदाताको समय

२५. हालको व्यवस्था अनुसार मौज्दात परिक्षण गर्दा over stock देखिएमा कर अधिकृतले कति जरिवाना गर्ने व्यवस्था रहेको छ ? - मूल्यको ५० प्रतिशत

२६. मू.अ.करमा कर विवरण समयमा नवुझाए वापत हुने न्यूनतम जरिवानाको सीमा कति छ ? - प्रति कर अवधि एक हजार

२७. खरीद विक्री गर्दा विजक नदिने करदातालाई हुने जरिवानाको अंक कति छ ? - प्रत्येक पटक रु.५ हजार

२८. आन्तरिक राजस्व विभागको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली अन्तर्गत आ.व. २०७१।७२ को मूल्याकनमा कुन कार्यालय प्रथम भएको थियो ? - आ.रा.का. धनगढी

२९. अन्य व्यक्तिको नाममा किनेको गाडीमा तिरेको मु.अ.कर दावी गरेमा हुने जरिवाना सम्वन्धि व्यवस्था के छ ? - कर रकमको २५ प्रतिशत

३०. वैंक ग्यारेन्टीमा आयात गरिएको रकमको कर कट्टी दावी गर्न नपाउने व्यवस्था कति दफामा उल्लेख गरिएको छ ? - १७ (१)

३१. धरौटीमा रहेको रकमको करकट्टी दावी गर्न नपाउने व्यवस्था कति नियममा रहेको छ ? - १८ (३)

३२. ऐनको दफा २९.२ बमोजिमको कसुर गर्ने व्यक्तिलाई अधिकतम कैद को सजाय कति रहेको छ ? - ६ महिनासम्म

३३. करछली कारवाहीको प्रक्रिया शुरु हुनु अगावै कसुर स्वीकार गर्ने व्यक्तिलाई विभागले दिएको निर्धारण आदेश उपर पुनरावलोकन कहाँ लाग्ने व्यवस्था रहेको छ ? - अन्तिम हुने, नलाग्ने

३४. कर निर्धारणको सूचना पाएको कति समयभित्र प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिनुपर्ने कानुनी प्रावधान रहेको छ ? - ३० दिनभित्र

३५. कर फिर्ता सम्वन्धमा ६ महिनासम्म पनि मिलान नभएको कर रकम फिर्ता दावी गरेमा विभागले कति दिनभित्र फिर्ताको निर्णय गरिसक्नुपर्दछ ? - ६० दिनभित्र

३६. मू.अ.करमा कर फिर्ता दावी गर्न पाउने अधिकतम समससिमा कति रहेको छ ? - कर अवधिदेखि ३ वर्षभित्र

३७. मू.अ.कर निर्देशिका, २०६८ जारी भैसकेको अवगतै छ, यो निर्देशिका ऐननियमको कति नियमले दिएको अधिकार प्रयोग गरी जारी भएको हो ? - नियम ६१

३८. मू.अ.करमा करदाताले कर सहयोगी राख्न पाउने सम्वन्धि व्यवस्था कुन नियममा रहेको छ ? - नियम ५८ क

३९. मू.अ.कर ऐनमा भएको थ्रेसहोल्डको सुविधा अन्तरगत होटल व्यवसाय गर्ने व्यक्तिले कति रकमसम्मको कारोवारमा उक्त सुविधा प्राप्त गर्न सक्छ ? - रु.१० लाख

४०. Diplomatic Refund अन्तरगत फिर्ता दावीयोग्य हुन न्यूनतम हुनुपर्ने खरीद रकमको सीमा कति रहेको छ ? - एकपटकमा ५ हजार रुपैंया भन्दा वढी

४१. कर अधिकृतलाई मू.अ.कर निर्धारण सम्वन्धि कारवाहीको लागि जाँच तथा परीक्षण सम्वन्धि अधिकार ऐनको कुन दफाले प्रदान गरेको छ ? - दफा २३

४२. प्रशोधित तेल पैठारी गरी प्याकिङ गरी विक्रि वितरण गर्ने उद्योगहरुले विक्रीमा असुल गरेको कति प्रतिशत मू.अ.कर फिर्ता पाउने व्यवस्था छ ? – फिर्ता पाउदैनन

४३. सेलुलर मोवाइल फोन सेट उत्पादन तथा पैठारी गर्ने करदाताले तोकिएको प्रक्रिया वमोजिम विक्री गरेको आधारमा कति प्रतिशत मू.अ.कर फिर्ता पाउन सक्ने व्यवस्था छ ? - ५० प्रतिशत

४४. चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन तोकिए बमोजिम विक्री गर्दा असुल गरेको मू.अ.करको कति प्रतिशत फिर्ता पाउन सक्ने व्यवस्था छ ? - ९० प्रतिशत

४५. मू.अ.कर ऐन बमोजिम कति मूल्य भन्दा वढिको वस्तु विभागले तोकेको क्षेत्रवाहिर ढुवानी गर्नेले कर विजक साथमा राख्नुपर्ने व्यवस्था छ ? - १० हजार भन्दा वढी

४६. चालु आर्थिक ऐन बमोजिम मू.अ.करमा साविकमा स्वेच्छिक रुपमा दर्ता भएका करदाताले आफ्नो दर्ता कायमै राख्न चाहेमा दरखास्त दिने अन्तिम मिति कुन हो ?

तथा लागत न्यून गर्न मद्दत पुऱ्याएको छ। साना कारोबार गर्ने करदाताहरुको लागि विवरण तथा लाग्ने कर, मध्यम कारोबार गर्ने करदाताको लागि कारोबारमा आधारित करको शुरुवात पनि गरिएको छ। यी व्यवस्था विशेष गरी निजीक्षेत्रको माग र चाहना बमोजिम नै गरिएको हो।

संशोधित कर निर्धारण उपर करदातालाई सुनुवाईको मौका ७ दिनको मात्र रहेको थियो जुन आफैमा थोरै समय पनि हो। यति छोटो समयमा आफ्ना प्रमाण तथा कागजातहरु तयार गर्ने र पेश गर्न खास गरी भौगोलिक दुरी टाढा रहने करदाता तथा अध्ययन सामाग्रीहरुको अध्ययन विश्लेषण गरी तयार गर्नु पर्ने करदाताहरुको लागि व्यावहारिक र न्यायोचित पनि होइन। यसै कुरालाई ह्दयंगम गरी हाल सुनुवाईको मौकाको लागि १५ दिनको व्यवस्था गरिएको छ। करदाताबाट दाखिला भएको बढी रकम फिर्ताको लागि समयसीमा निर्धारण गर्दै २०६२ सालको अध्यादेश मार्फत  निवेदन दिएको मितिले ६० दिन भित्र फिर्ता दिनु पर्ने व्यवस्था गरेको छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा तिर्न वांकी करको पचास प्रतिशत धरौटी राख्नु पर्ने, दाखिला गर्नु पर्ने व्यवस्थालाई खारेज गर्दै विवादित करको एक तिहाई रकम दाखिला गर्नु पर्ने व्यवस्था गरिएको छ। प्रशासकीय पुनरावलोकन उपर ९० दिन भित्र निर्णयको सूचना दिनु पर्ने पुरानो व्यवस्थामा संशोधन गर्दै ६० दिनमा झारिएको छ यसले कर विवाद निरुपण छिटो छरितो गर्न गराउन मार्गदर्शन गरेको छ।

कर छलि निरुत्साहित गर्दै ऐनले कर दायित्व छलेको वा छल्ने कोशिस गरेको सूचना दिने व्यक्तिलाई पुरस्कार तथा सुराकी खर्च दिने व्यवस्था ऐनमा गरिएको छ भने नाम थर गोप्य राख्न चाहेमा गोप्य राखिने ग्यारेन्टी गरेको छ।

आयमा छुट हुने सीमा र करको दरमा समेत प्रगतिशिल प्रणाली अवलम्वन गर्दै कर लगाइएको छ। शुरुमा प्राकृतिक व्यक्ति तथा दम्पत्तिको लागि छुटको सीमा क्रमशः ५५ हजार र ७५ हजार रहेकोमा क्रमशः बृद्धि गर्दै हाल क्रमश २ लाख ५० हजार र ३ लाख पुऱ्याइएको छ। त्यस्तै २५ लाख बढी आय हुनेले अतिरिक्त कर तिर्नु पर्ने व्यवस्था गरिएको छ।  दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीहरुको लागि ५० हजारसम्म दुर्गम भत्ता करयोग्य आयबाट घटाउन पाउने व्यवस्था गरी त्यस्ता क्षेत्रमा खटिने कर्मचारीलाई प्रोत्साहित गरेको छ। ऐनमा समयानुकूल परिमार्जन र संशोधन गर्ने क्रममा अपांग, महिला आदिलाई थप सुविधा तथा छुटहरुको व्यवस्था गरेको छ भने लगानी तथा स्वास्थ्य वीमा वापतको प्रिमियम २०/२० हजारसम्म आयबाट घटाउन पाउने व्यवस्था गरी नेपालको वीमा व्यवसायको विकास र विस्तारमा पनि परोक्ष रुपमा भूमिका निर्वाह गरेको छ।

उदारिकरणको वर्तमान समयमा लगानी, व्यवसाय वा रोजगारीबाट आय कुनै एक भौगोलिक सीमा भित्र मात्र रहदैंन। एउटै आय वर्षमा एकभन्दा बढी देशमा कारोवार (रोजगारी, व्यवसाय वा लगानी) गऱ्यो भने त्यस्तो व्यक्तिले आफू वासिन्दा रहेको देशमा एवं कारोवार (लगानी) गरेको देशमा समेत गरी दुवै देशमा कर तिर्नुपर्ने हुन सक्छ। यस्तो परिस्थितीमा उही आयमा उही आयवर्षमा आफू वासिन्दा रहेको देशमा वसोवास (

- २०७३ असार मसान्तभित्र

४७. चालु आर्थिक ऐनको परिवर्तन बमोजिम मू.अ.कर दर्ता सम्वन्धि व्यवस्थामा आयकर ऐन, २०५८ को कुन दफा र उपदफालाई उल्लेख गरिएको छ ?
- दफा ४ को उपदफा ४

४८. मूल्य अभिवृद्धि कर ऐन प्रथम पटक राजपत्रमा कहिले प्रकाशित भएको हो ?
- वि.स. २०५२ चैत्र ७ गते

४९ मूल्य अभिवृद्धि करको शुत्रपात गर्ने व्यक्ति जर्मनीका हुन् अव भन्नुहोस् उक्त व्यक्तिको नाम के हो ? - न्यू म्यान हयामल्टन

५०. विश्वमा सर्वप्रथम मूल्यअभिवृद्धि कर लागू गर्ने देश फ्रान्स हो भनै दोश्रो देश कुन हो ? - आयभेरी कोष्ट

५१ मूल्य अभिवृद्धि करको कुन दफाले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि कर नियमावली बनाएको हो ? - दफा ४१

५२. मूल्य अभिवृद्धि कर ऐन २०५२ को पहिलो संशोधन कहिले भएको हो ?
- वि.स.२०५८ माघ ४ गते

५३. विदेशी पर्यटकले निश्चित रकम भन्दा बढीको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता पाउने व्यवस्था छ, अव भन्नुहोस् उक्त रकममा कति प्रतिशत सेवा शुल्क कटाउने व्यवस्था छ ? - ३ प्रतिशत

५४. राजस्व न्यायाधिकरणमा पुनरावेदन जाँदा मूल्य अभिवृद्धि कर ऐन बमोजिम धरौटी राख्ने व्यवस्था छ, अव भन्नुहोस् उक्त व्यवस्था ऐनको कति दफामा उल्लेख छ ?
- दफा ३३

५५. मूल्य अभिवृद्धि कर ऐनको दफा अनुसार नेपाल सरकारलाई नियम बनाउने अधिकार छ, अव भन्नुहोस उक्त अधिकार कति दफामा उल्लेख छ ? - दफा ३३

५६. हालै आन्तरिक राजस्व विभागले वेभ साइट अद्यावधिक गरेको छ, अव भन्नुहोस् पछिल्लो पटक कहिले अद्यावधिक भएको हो साल महिना र गते उल्लेख गर्नुहोस् ?- २०७२।४।११

५७. कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली कहिले देखि लागू भएको हो ?
- आ.व. २०६३।६४

५८. हालै आन्तरिक राजस्व विभागले निजी क्षेत्रसंग TOT कार्यक्रम सञ्चालन गरेको थियो, अव भन्नुहोस् उक्त कार्यक्रम कति जिल्लाका कति जनालाई दिइएको थियो ?
- ५ जिल्लाका १० जनालाई

५९. मूल्य अभिवृद्धिकर नियमावलीमा कारोवारको दर्ता प्रमाण पत्र च्यातिएमा हराएमा प्रतिलिपि दिने व्यवस्था छ, अव भन्नुहोस् निवेदन परेको कति दिनमा प्रतिलिपि दिनु पर्ने व्यवस्था छ ? - १५ दिन

६०. करपाटी राख्नुपर्ने व्यवस्था लागू हुंदा प्रत्येक करदाताले नियमानुसार तोकिएको ढाँचामा करपाटी राख्ने व्यवस्था गरिएको थियो। उक्त करपाटी कति दिनसम्म राखी सक्ने व्यवस्था गरिएको थियो ? - ३० दिन

Residence) को आधारमा तथा लगानी गरेको देशमा आयको स्रोत (source) को आधारमा कर तिर्नुपर्ने हुनाले दोहोरो कर तिर्नुपर्ने अवस्था रहन्छ। यस्तो परिस्थितिमा करदातालाई दोहारो करको भारबाट मुक्ति दिलाउन सरकारले विदेशी सरकारसंग दोहोरो करमुक्ति सम्झौता (Double Taxation Avoidance Agreement) गर्न सक्ने गरी ऐनको दफा ७३ मा व्यवस्था गरिएको छ। यस्ता सम्झौता र वैदेशिक लगानीवीच सहसम्वन्ध रहन्छ।

भनिन्छ नेपालको कर सम्वन्धी नीतिगत एवं कानूनी पक्षमा भन्दा पनि कार्यान्वयन पक्षमा थप सुधारको खांचो रहेको छ। आयकर ऐनमा पनि सुधारका क्षेत्र भन्दा यसको प्रभावकारी कार्यान्वयनको पक्षमा विशेष ध्यान दिनु पर्ने देखिन्छ। अझै पनि करको दायरामा नआउने, आएर पनि सहि कर सहभागिता नजनाउने, कर छलि तथा चुहावटमा संलग्न हुने, नक्कली एवं झुटा वील विजकको प्रयोग गर्ने, कर तथा आफ्नो प्रयोजनका लागि अलग अलग लेखा राख्ने जस्ता कुराहरु वारम्वार आउने गरेको देखिन्छ। यस्ता समस्याहरु कानून आफैंले मात्र संवोधन गर्न सक्ने विषय पनि होइनन यसका लागि सक्षम, प्रतिष्पर्धी कर प्रशासनको जति आवस्यकता छ त्यति नै व्यवसायिक नैतिकताको स्तरमा अव्वल नीजि क्षेत्रको पनि।

**सन्दर्भ सामाग्री**

१. आयकर ऐन, २०५८ तथा नियमावली २०५९, आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ।
२. आयकर निर्देशिका, २०६६ (संशोधन सहित) आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ।
३. आर्थिक ऐन/अध्यादेशहरु, अर्थ मन्त्रालय, सिंहदरवार काठमाण्डौं।
४. नेपालको आधुनिक आयकर प्रणाली, विद्याधर मल्लिक

## १ पेजको बांकी....

९८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९९ प्रतिशत र अन्तशुल्क तर्फ ९३ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ४५ करोड २९ लाख ४५ हजार र रु. ६० करोड ६९ लाख ७३ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८७ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा १०४ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर ११४ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२० प्रतिशत, अन्तशुल्कको वृद्धिदर ११३ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११७ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ११६ प्रतिशत रहेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## मू.अ. कर विवरण साथ खरिद बिक्रीको विवरण पेश गर्ने बारेको सूचना

आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १, २ र ३ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक रु ५ करोडभन्दा बढी कारोवार गर्ने करदाताहरुले रु १ लाखभन्दा बढीको खरिद बिक्रीको विवरण कर अवधि २०७२ फागुन देखि कर विवरण अनिवाय रुपमा दाखिला गर्नु हुन मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ (क) को उप( दफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कारोवारमा आधारित कर तिर्नुपर्ने प्राकृतिक व्यक्तिले पेश गर्ने आय विवरणको ढांचा

फाराम–आयकर–डे–०२

## आय विवरण

(ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबारमा आधारित कर तिर्नुपर्ने प्राकृतिक व्यक्तिको लागि)

कसले भर्ने : देहायको अवस्था भएको प्राकृतिक व्यक्तिले

- आय वर्षमा नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,
- दफा ५१ बमोजिम औषधि उपचार खर्च वापत कर मिलान गर्न दावी नगरेको,
- दफा ९३ बमोजिम अग्रिम कर कट्टी दावी नगरेको,
- व्यवसायको कारोबार वार्षिक बीस लाख रुपैयाँभन्दा बढी र पचास लाख रुपैयाँभन्दा घटी भएको,
- मूल्य अभिबृद्धि करमा दर्ता नभएको र
- चिकित्सक, इञ्जिनियर, लेखा परीक्षक, कानून व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको

आय वर्ष ________________ आ.रा.का./क.से.का.को नाम ________________

कारोबार बन्द भएको भए बन्द भएको मिति :

| १. | करदाता (प्रोप्राइटर) सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| स्थायी लेखा नम्बर | | | | | |
| नाम | | | | | |
| ठेगाना | घर नं. | वडा नं. | गाउँ/टोल/ र बाटोको नाम | ☐ म.न.पा. ☐ उ.म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | जिल्ला |
| | | | | | |
| फोन नम्बर | | मोबाइल नं. | | इमेल | |

| २. | फर्म सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|---|
| नाम | | | | | |
| ठेगाना | घर नं. | वडा नं. | गाउँ/टोल/ र बाटोको नाम | ☐ म.न.पा. ☐ उ. म.न.पा. ☐ न.पा. ☐ गा.वि.स. | जिल्ला |
| | | | | | |
| फोन नम्बर | | मोबाइल नं. | | इमेल | |

**३. करको गणना**

| क्र.सं. | विवरण | आयमा समावेश हुने रकम रु. | करको दर | लाग्ने कर/ शुल्क/ ब्याज रु. |
|---|---|---|---|---|
| १ | ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी कारोबार गर्ने वस्तुको कारोबार | | ०.५ % | |
| २ | क्र.सं. (१) मा उल्लिखित कारोबार बाहेकको व्यावसायिक कारोबार | | १.५ % | |
| ३ | सेवा व्यवसायको कारोबार | | २ % | |
| ४ | जम्मा (१+२+३) | | | |
| ५ | दफा ११७ बमोजिमको शुल्क | | | |
| ६ | दफा ११८ बमोजिमको ब्याज | | | |
| ७ | दफा ११९ बमोजिमको ब्याज | | | |
| ८ | जम्मा तिर्नु पर्ने कर रकम (४+५+६+७) | | | |

| ४. कर दाखिला विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| क.सं. | आय वर्ष | राजस्व शीर्षक | भुक्तानीको किसिम | भौचर/ रसिद नं. | बैंकको नाम | शाखा | आ.रा.का./ क.से.का.को नाम | दाखिला मिति | दाखिला रकम रु. |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

| ५. भुक्तानीमा कर कट्टी सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | कर कट्टीको विवरण | | | दाखिला सम्बन्धी विवरण | | | |
| | भुक्तानीको विवरण | भुक्तानी गरेको रकम रु. | कर कट्टी गरेको रकम रु. | राजस्व शीर्षक | भौचर/ रसिद नं. | दाखिला मिति | दाखिला रकम रु. |
| १ | घर बहाल | | | | | | |
| २ | तलब भत्ता (पारिश्रमिक) | | | | | | |
| ३ | | | | | | | |

## ६. करदाताको घोषणा

मेरो आय वर्ष....................मा उपर्युक्तानुसार नेपालमा श्रोत भएको व्यवसायबाट माथि खण्ड ३ मा उल्लेख भए बमोजिमको आय भएको तथा म नेपालको बासिन्दा प्राकृतिक व्यक्ति भएकोले आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम यो आय विवरण पेश गरेको छु । यो आय विवरणमा लेखिएको कुरा ठीक साँचो हो । यहां उल्लिखित कारोबार रकमलाई पुष्टी गर्ने कागजात तथा विवरण मैले अद्यावधिक राखेको छु । फरक परेमा वा झुट्टा ठहरेमा कानून बमोजिम सहने बुझाउने छु ।

करदाता वा निजको प्रतिनिधिको नाम :
दस्तखत :
मिति :

| ७. कार्यालय प्रयोजनको लागि मात्र | |
|---|---|
| विवरण दर्ता वा सब्मिशन नं. | |
| विवरण दर्ता वा भेरिफिकेशन मिति | |
| विवरण बुझ्ने वा भेरिफाई गर्ने कर अधिकृतको नाम | |
| विवरण बुझ्ने वा भेरिफाई गर्ने कर अधिकृतको दस्तखत | |

# बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बोनस ऐन, २०३० को प्रावधान बमोजिम ब्यबस्था गरिएको रकम वितरण नभएमा वा वितरण भई कुनै रकम बांकी रहन गएमा के गर्ने भन्ने बिषयमा मिति २०७२/११/२८ को विभागीय निर्णयानुसार आयकर ऐन, २०५८ को दफा ७५ को उपदफा (१) बमोजिम आन्तरिक राजस्व विभागद्वारा सार्वजनिक गरिएको परिपत्रको सार संक्षेपः

१. बोनस ऐन, २०३० बमोजिम बोनस ब्यवस्था गर्दा बोनस ब्यवस्था वापतको खर्च घटाएपछि कायम हुन आउने खुद नाफाको बढीमा १० प्रतिशतले हुने रकम ब्यवस्था गरी सोही हदसम्मको रकम मात्र आयकर प्रयोजनका लागि खर्च कट्टी गर्नु पर्ने ।

२. कुनै आय बर्षमा बोनस ब्यवस्था गरी खर्च कट्टी लिएको रकम सो आय बर्षको तत्काल पछिल्लो आय बर्षमा वितरण गरिसक्नु पर्नेछ । तर, नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र बोनस वितरण गर्न पाउने भनी तोकिएका सार्वजनिक संस्थानहरुको हकमा भने नेपाल सरकारले जुन आय बर्षमा बोनस वितरण गर्न स्वीकृति दिएको हो सोही आय बर्ष भित्रमा बोनस वितरण गरिसक्नु पर्ने ।

३. बोनस वापत छुट्याइएको र खर्च कट्टी लिएको रकममध्ये पूरै वा आंशिक रकम उपर्युक्त खण्ड (१) वा खण्ड (२) मा उल्लिखित समय सीमाभित्र वितरण नभएमा आयकर ऐन, २०५८ को दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम त्यसरी वितरण नभएको वा हुन नसकेको रकम बोनस खर्च कट्टी लिएको आय बर्षको तत्काल पछिल्लो आय बर्षमा आयमा समावेश गर्नु पर्ने । तर, वितरण नभएको वा हुन नसकेको बोनस रकममध्ये राष्ट्रिय स्तरको कल्याणकारी कोषमा दाखिला भएको हदसम्मको रकमलाइ भने आयमा समावेश गर्नु नपर्ने ।

४. यस सम्बन्धमा नेपाल बैंकर्स एशोसिएसन वा अन्य कुनै ब्यक्ति वा निकायलाई यो परिपत्र जारी हुनु पूर्व दिइएको जानकारी वा लेखिएका पत्रहरु खारेज गरिएको छ ।

# मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
विष्णुप्रसाद नेपाल

**सम्पादन समूह**
समझना बराल
शिवलाल तिवारी
आनन्द काफ्ले
अर्जुनप्रसाद भट्टराई
प्रकाश शर्मा ढकाल